**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले भारत विश्वको सबैभन्दा तीव्र गतिमा बढिरहेको प्रमुख अर्थतन्त्र भएको र चाँडै नै विश्वव्यापी रूपमा तेस्रो ठूलो अर्थतन्त्र बन्ने तयारीमा रहेको बताउनु भएको छ।

२. गृहमन्त्री अमित शाहले आज दिल्ली विधानसभामा दुई दिने **अखिल भारतीय अध्यक्ष सम्मेलन**को उद्घाटन गर्नु हुनेछ।

३. फिजीका प्रधानमन्त्री **सिटिवेनी लिगामामादा राबुका** आज तीन दिने भारत भ्रमणमा आउँदै हुनुहुन्छ।

४. जिम्बाब्वेका उप राष्ट्रपति जनरल (सेवानिवृत्त) डा. डॉ. सीजीडीएन चिवेन्गा दुई दिने भ्रमणमा सुरत आइपुग्नु भएको छ। यो भ्रमण भारत र जिम्बाब्वेबीचको व्यापार र लगानी सम्बन्धलाई सुदृढ पार्ने उद्देश्यले गरिएको थियो।

५. काजाकिस्तानको श्यामकाण्डमा आयोजित १६ औं एसियाली सुटिङ च्याम्पियनसिपमा भारतले १० मिटर एयर राइफल मिक्स टिम इभेन्टमा तीन स्वर्ण पदक जितेको छ।

**प्रधानमन्त्री - अर्थतन्त्र**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत विश्वको सबैभन्दा तीव्र गतिमा बढिरहेको प्रमुख अर्थतन्त्र भएको र चाँडै नै विश्वव्यापी रूपमा तेस्रो ठूलो अर्थतन्त्र बन्ने तयारीमा रहेको बताउनु भएको छ। दिल्लीमा एक निजी मिडिया हाउसको कार्यक्रममा बोल्नु हुँदै श्री मोदीले भन्नु भयो, भारत विश्वको लागि आशाको किरण बनेको छ। श्री मोदीले भन्नु भयो, भारतमा मुद्रास्फीति र ब्याजदर कम छ र देशको विदेशी मुद्रा भण्डार पनि बलियो छ। प्रधानमन्त्रीले भन्नु भयो, विज्ञहरूका अनुसार विश्वव्यापी वृद्धिमा भारतको योगदान चाँडै नै बीस प्रतिशतको हाराहारीमा हुनेछ। श्री मोदीले भन्नु भयो, आज भारत **रिफॉर्म, परफार्म र ट्रान्सफार्म**को मन्त्रले विश्वलाई मन्दीबाट बाहिर निकाल्ने स्थितिमा छ। उहाँले भन्नु भयो, हरेक महिना लाखौं घरेलु लगानीकर्ताहरूले **एसआईपी**मार्फत बजारमा हजारौं करोड रुपियाँ लगानी गरिरहेका छन्।

**बाइट**

प्रधानमन्त्रीले भन्नु भयो, मेड इन इन्डिया सिक्स-जी मा काम भइरहेको छ। भारतमा सेमीकन्डक्टर उत्पादन एकाइहरूको स्थापनाको बारेमा, श्री मोदीले भनु भयो, पहिलो मेड इन इन्डिया चिप यस वर्षको अन्त्यसम्ममा बजारमा आउनेछ। श्री मोदीले विगत एघार वर्षमा साठीभन्दा बढी अन्तरिक्ष कार्यक्रमहरू पूरा भएकोमा खुशी व्यक्त गर्नु भयो। उहाँले भन्नु भयो, भारतका धेरै मिशनहरू अन्तरिक्षको क्षेत्रमा तयार छन् र यस वर्ष भारतले अन्तरिक्ष डकिङको क्षमता पनि हासिल गरेको छ। प्रधानमन्त्री मोदीले यसलाई भविष्यको अन्तरिक्ष कार्यक्रमहरूको लागि ठूलो उपलब्धि भन्नु भयो।

**पीएम-डीप स्पेस**

प्रधानमन्त्री नरेन्द्र मोदीले वैज्ञानिकहरूलाई गहिरो अन्तरिक्षको अन्वेषण गर्न तयार रहन आह्वान गर्नुभएको छ। उहाँले भन्नुभयो, यी अज्ञात क्षेत्रहरू मानवताको भविष्यको लागि महत्त्वपूर्ण रहस्यहरूले भरिएका छन्। हिजो राष्ट्रिय अन्तरिक्ष दिवसको अवसरमा एक भिडियो सन्देशमा श्री मोदीले भन्नुभयो, भारत पहिले नै चन्द्रमा र मंगल ग्रहमा पुगिसकेको छ र अब अन्तरिक्षको गहिरो क्षेत्रहरूको अन्वेषण गर्ने समय आएको छ। प्रधानमन्त्रीले घोषणा गर्नुभयो, भारतले सेमी-क्रायोजेनिक इन्जन र इलेक्ट्रिक प्रोपल्शन जस्ता महत्वपूर्ण प्रविधिहरूमा द्रुत गतिमा प्रगति गरिरहेको छ। उहाँले भन्नुभयो, हाम्रा वैज्ञानिकहरूको समर्पित प्रयासले

भारतले चाँडै गगनयान अभियान सुरु गर्नेछ र आगामी वर्षहरूमा आफ्नै अन्तरिक्ष स्टेशन निर्माण गर्नेछ। श्री मोदीले युवा नागरिकहरूलाई भारतको 'अंतरिक्ष यात्री समूह' मा सामेल हुन र देशको आकांक्षालाई सहयोग गर्न पनि आमन्त्रित गर्नुभयो। प्रधानमन्त्रीले निजी क्षेत्रलाई अगाडि आउन र आगामी पाँच वर्षमा पाँचवटा अन्तरिक्ष युनिकर्नहरू सिर्जना गर्न प्रोत्साहित गर्नुभयो।

**बाइट**

## अमित शाह- सम्मेलन

गृहमन्त्री अमित शाहले आज दिल्ली विधानसभामा दुई दिने **अखिल भारतीय अध्यक्ष सम्मेलन**को उद्घाटन गर्नु हुनेछ। देशको पहिलो निर्वाचित **अध्यक्ष**को रूपमा विट्ठलभाई पटेलले केन्द्रीय विधानसभाको **अध्यक्ष**को पदभार ग्रहण गरेको शताब्दीको उपलक्ष्यमा यो सम्मेलन आयोजना गरिएको हो। २९ राज्य विधानसभाका **अध्यक्ष** र छ राज्यका विधान परिषद्का अध्यक्ष र उपाध्यक्षहरूले यसमा भाग लिनेछन्।

दिल्ली विधानसभाका अध्यक्ष विजेन्द्र गुप्ताले भन्नु भयो, स्वतन्त्रता संग्राममा विठ्ठलभाई पटेलको जीवन, संसदीय योगदान र भूमिकामा आधारित प्रदर्शनी, विशेष वृत्तचित्र र स्मारक हुलाक टिकट जारी गरिनेछ। श्री गुप्ताले भन्नु भयो, सम्मेलनको समापन सत्र लोकसभा अध्यक्ष ओम बिरलाको अध्यक्षतामा हुनेछ। राज्यसभाका उपाध्यक्ष हरिवंश नारायण सिंह, केन्द्रीय मन्त्रीहरू गजेन्द्र सिंह शेखावत र किरण रिजिजु, पूर्व लोकसभा अध्यक्ष मीरा कुमार, दिल्लीका उप राज्यपाल विनयकुमार सक्सेना र दिल्लीका मुख्यमन्त्री रेखा गुप्ताले प्रमुख वक्ताको रूपमा कार्यक्रममा भाग लिनु हुनेछ।

## फिजीका प्रधानमन्त्री - भारत भ्रमण

फिजीका प्रधानमन्त्री **सिटिवेनी लिगामामादा राबुका** आज तीन दिने भारत भ्रमणमा आउँदै हुनुहुन्छ। उहाँसँगै उहाँकी श्रीमती सुलुएती राबुका पनि आउनुहुनेछ। श्री राबुकासँगै आउने प्रतिनिधिमण्डलमा स्वास्थ्य तथा चिकित्सा सेवा मन्त्री **रातू अटोनियो लालबालावु** र वरिष्ठ अधिकारीहरू समावेश छन्।यो प्रधानमन्त्री राबुकाको भारतको पहिलो भ्रमण हो, विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ। श्री राबुकाले भोलि प्रधानमन्त्री नरेन्द्र मोदीसँग वार्ता गर्नु हुनेछ। श्री राबुकाले राष्ट्रपति द्रौपदी मुर्मुलाई पनि भेट्ने कार्यक्रम छ।फिजीका प्रधानमन्त्रीको भ्रमण भारत र फिजीबीचको दीर्घकालीन र दिगो सम्बन्धको लागि महत्त्वपूर्ण छ।

## केरल विमानन शिखर सम्मेलन-2025

दुई दिने केरला उड्डयन शिखर सम्मेलन २०२५ आज कोचीको ताज कोचिन अन्तर्राष्ट्रिय विमानस्थल होटलमा सुरु हुँदैछ। यो कोचिन अन्तर्राष्ट्रिय विमानस्थल लिमिटेड (CIAL) र भारतीय वाणिज्य तथा उद्योग महासंघ (FICCI) द्वारा संयुक्त रूपमा आयोजना गरिएको हो। शिखर सम्मेलनले लगानी आकर्षित गर्न, नवीनतालाई प्रवर्द्धन गर्न र विश्वव्यापी उड्डयन र लॉजिस्टिक्स केन्द्र राज्यको दृष्टिकोण प्रस्तुत गर्न प्लेटफर्मको रूपमा काम गर्नेछ। साँझ ५:३० बजी निर्धारित उद्घाटन सत्रमा मुख्यमन्त्री पिनारायी विजयन प्रमुख अतिथि हुनेछन्। उद्योग मन्त्री पी. राजीवले समारोहको अध्यक्षता गर्नेछन्। दुई दिनमा, शिखर सम्मेलनमा ड्रोन एकीकरण, शहरी हवाई गतिशीलता र क्षेत्रीय सम्पर्क सुदृढीकरणमा समुद्री विमान र हेलिकप्टरको भूमिका जस्ता महत्त्वपूर्ण विषयहरूमा आठ प्यानल छलफल हुनेछन्, जसमा विज्ञहरूले यस क्षेत्रमा परिवर्तनकारी अवसरहरू हाइलाइट गर्नेछन्। दोस्रो दिन पर्यटन-उड्डयन सम्बन्ध र हवाई कार्गो रसदमा नवीनताहरूमा केन्द्रित हुनेछ। शिखर सम्मेलन भोलि समापन हुनेछ।

## जिम्बाब्वेका उप राष्ट्रपति सुरतको भ्रमणमा

जिम्बाब्वेका उप राष्ट्रपति जनरल (सेवानिवृत्त) डा. डॉ. सीजीडीएन चिवेन्गा दक्षिण गुजरात चैम्बर ऑफ कॉमर्स एन्ड इंडस्ट्रीको निमन्त्रणामा हिजो दुई दिने भ्रमणमा सुरत आइपुग्नु भएको छ। उहाँसँगै जिम्बाब्वेका मन्त्रिपरिषद् सदस्यहरू राज मोदी, माफिदी मनंगाग्वा, राजदूत स्टेला न्कोमो र शीर्ष सचिवालयको प्रतिनिधिमण्डल पनि रहेको थियो। यो भ्रमण भारत र जिम्बाब्वेबीचको व्यापार र लगानी सम्बन्धलाई सुदृढ पार्ने उद्देश्यले गरिएको थियो। सुरतको सरसाना डोममा आयोजित एक विशेष कार्यक्रममा उपराष्ट्रपति डा. चिवेंगाले सुरतका व्यवसायीहरूलाई जिम्बाब्वेमा लगानी गर्न अपील गर्नु भयो। डा. चिवेंगाले

नौ प्रमुख क्षेत्रहरूमा लगानीका अवसरहरू, विशेष गरी हीरा र कपास उद्योगहरूमा प्रकाश पार्नु भयो। मिडियासँग कुरा गर्दै डा. चिवेंगाले सुरतका व्यवसायीहरूलाई जिम्बाब्वे भ्रमण गर्न आमन्त्रित गर्नु भयो।

**एसियाली सुटिङ च्याम्पियनसिप**

काजाकिस्तानको श्यामकाण्डमा आयोजित १६ औं एसियाली सुटिङ च्याम्पियनसिपमा भारतले सिनियर, जुनियर र युथ क्याटेगोरीको १० मिटर एयर राइफल मिक्स टिम इभेन्टमा तीन स्वर्ण पदक जितेको छ। यससँगै भारत २३ स्वर्ण, ०८ रजत र १० कास्यसहित कुल ४१ पदकसहित पहिलो स्थानमा छ। सिनियर क्याटेगोरीमा इलाभेनिल भलारिवन र अर्जुन बाबुताले फाइनलमा चीनलाई ११ को विरुद्ध १७ अंकले पराजित गरे।

**यूएस ओपन टेनिस**

युएस ओपन टेनिस प्रतियोगिता आजबाट न्यूयोर्कमा सुरु हुँदैछ। पुरुष सिंगल्समा इटालीका यानिक सिन्नर, स्पेनका कार्लोस अल्काराज, चार पटकका च्याम्पियन सर्बियाका नोभाक जोकोभिच र जर्मनीका अलेक्ज्याण्डर ज्वेरेभले आफ्नो चुनौती प्रस्तुत गर्नेछन्।

**अंडर-20 विश्व चैन्पियनशिप**

भारतका ग्रीको-रोमन पहलवानहरूले अण्डर २० विश्व च्याम्पियनशिपमा आफ्नो निराशाजनक प्रदर्शन जारी राखे| हिजो बुल्गेरियाको सामोकोभमा भएको पाँचैजना पहलवानहरू प्रतियोगिताबाट बाहिरिए। प्रतियोगितामा पदक जित्ने एक मात्र ग्रीको-रोमन पहलवान सुरज थिए, जसले ६० किलो तौल वर्गमा कांस्य पदक जितेका थिए। अनिल मोर ५५ किलो तौल वर्गमा कांस्य पदकको लागि प्रतिस्पर्धामा थिए तर जापानका दाइसुके मोरिशितासँग ७-१० ले पराजित भए।